आज मिति २०८०।०४।३२ गते १खिडीकोट गाउँ कार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की ज्यू को अध्यक्षता र तपशिलको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिती :-

१. श्री नारायण बहादुर कार्की, गा.पा. अध्यक्ष
२. श्री कान्ता अधिकारी, गा.पा. उपाध्यक्ष
३. श्री प्रकाश रायमाझी, गा.पा. प्रवक्ता
४. श्री चिरञ्जीवि पोखरेल, वडा अध्यक्ष वडा नं: १
५. श्री ओम प्रसाद पोखरेल, " " " २
६. श्री नारायण बहादुर के.सी. " " " ३
७. श्री रतेन बहादुर कार्की " " " ४
८. श्री मन बहादुर अस्लामी " " " ५
~~८. श्री प्रकाश रायमाझी~~
९. श्री दान बहादुर कुवर " " " ७
१०. श्री चुरा बहादुर क्षेत्री मगर " " " ८
११. श्री मिना राना, कार्यपालिका सदस्य
१२. श्री रञ्जना आचार्य रवताल " "
१३. श्री गोमा थापा " "
१४. श्री शर्मिला नेपाली " "
१५. श्री सीता कोशल " "
१६. श्री सुनिल बस्याल " "
१७. श्री मदन अर्याल ( सदस्य सचिव
१८. श्री खड्क लाल गहराई, आमन्त्रित

प्रस्तावहरु

१. कर्मचारी भर्ना सम्बन्धमा,

२. पालिका दररेट विश्लेषण सम्बन्धमा,

३. वार्षिक खरिद योजना सम्बन्धमा,

४. बार्षिक प्रगति सम्बन्धमा,

५. बहुबर्षीय योजना सम्बन्धमा

६. विविध।

निर्णयहरु :-१. रिक्त रहेका अधिकृत छैठौं, कृषि सेवाको पद – १ र सुचना प्रविधि अधिकृत छैठौं, पद – १ को पूर्ति सेवा करारबाट गर्न तथा वडा नं. ३, ७ र ८ को कार्यालयको लागि सहायक कम्प्युटर अपरेटर अत्यावश्यक भएकोले सो पदमा ३ जना ज्यालादारीमा भर्ना गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२. रिब्दीकोट गाउँपालिका अन्तर्गत संचालन गरिने निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामग्री, ढुवानी, ज्याला लगायतको वडागत दररेट विश्लेषण पारित गरियो।

३. पालिकाको बार्षिक खरिद योजना स्वीकृत गरियो।

४. पालिकाको आ.व. ०७९/८० को बार्षिक प्रगतिको समिक्षा गरियो।

५. बहुबर्षीय योजना कार्यान्वयन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:-

(क) सबन्धित वडा अध्यक्ष संयोजक

(ख) कार्यपालिका सदस्य एक जना सदस्य

(ग) प्राविधिक शाखा प्रमुख सदस्य

(घ) सम्बन्धित वडाको प्राविधिक सदस्य सचिव

६. (क) रिब्दीकोट गाउँशिक्षा समितिको मिति २०८०/०४/३१ को बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

६ (ख) गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको लागि गत आ.व. भन्दा यस आ.व. मा ज्यादै कम बजेट रकम प्राप्त भएको र उक्त बजेट रकमबाट उक्त कार्यक्रम संचालन निर्देशका २०७७ को अनुचि २ को तालिका १ मा तोकिएको बजेट प्रतिशत दायरा अनुसार उक्त कार्यक्रममा कार्यरत २ जना उद्यम विकास सहजकर्तालाई तलब उपलब्ध गराउन रकम अपुग हुने भएकोले निजहरुको करार सम्झौता २०८० श्रावण १ गते देखि असौज मसान्त सम्म ३ महिनाको लागि मात्र नवीकरण गर्ने निणय गरियो।